# Section I: Invitation for Bid

## दुहवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी

१ नम्बर प्रदेश, नेपाल

## Design, Supply, Installation and Commissioning of Solar StreetLight

**प्रथम पटक प्रकाशित मिति २०७४।१०।२३**

यस कार्यालयको आ.ब. ०७४।७५ को स्वीकृत सौर्य सडक बती जडानको लागि वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र बाट मान्यता प्राप्त कम्पनीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्रको माध्यम बाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. तपसिलमा उल्लेखित दस्तुर (फिता नहुने) नगद बुझाई नगदी रसीद वा रा.बा.बैंक,ईनरूवामा रहेको यस दुहवी नगरापालिका, नगर कार्यपालिकाको कार्यालयको खाता नं.२२२०३०४०१८१०३ वा NIC Asia दुहवी शाखाको खाता नं.A8CA499378524001 मा जम्मा गरेको **भौचर साथ कम्पनीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र** संलग्न राखी दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी,सुनसरी तथा Duhabimun.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं (मिति २०७४।११।२३ गतेका दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ र E-Procurement का लागि PPMO को website www.bolpatra.gov.np बाट पनि बोलपत्र भर्न सकिन्छ। खरिद भएको बोलपत्र सम्बन्धी कागजात ३१ औं. ( मिति २०७४।११।२४ गतेका दिन दिउसोको १२.०० बजे सम्म दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीमा मात्र दर्ता गराउनु पर्नेछ । उल्लेखित कार्यालयबाट बिक्री भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नुपर्ने सम्पुर्ण पानाहरू भरी दर्ता गर्नु पर्नेछ ।

२. दर्ता भएका बोलपत्रहरू मिति २०७४।११।२४ दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. बोलपत्र दाताले धरौटी बापतको रकम रा.बा.बैंक ईनरूवा, सुनसरी स्थित यस दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको धरौटी खाता नं.२२२०३०३००७१०३ वा NIC Asia दुहवी शाखाको खाता नं.A8CA499378524003 मा रकम जम्मा गर्न पठाउने कार्यालय : दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी, सुनसरी, मा नगद जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बिड बण्ड बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुनेगरि कम्तिमा १२० दिन म्याद रहेको पेश गर्नु पर्ने छ ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

६. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफरिस गरिनेछ ।

७. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।

८. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने" सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

१०. यो सुचना सार्वजनिक खरिद अनुगमनको कार्यालयका र दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको **website: www.duhabimun.gov.np** मा समेत राखिएको छ ।

**तपसिल**

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याट बाहेक) रू. | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | 15/DM/Solar/2074/075 | सौर्य सडक बती जडान गर्ने कार्य । (वडा नं. ४ र ६) | २९,५१,४००।०० | ८०,५००।०० | ३०००।०० |